नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## विद्युत विकास विभाग

### विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्र

(किमाथांका अरुण जलविद्युत आयोजनाको ४०० के.भी. विद्युत प्रसारण लाइन आयोजना)

**अनुमतिपत्र संख्या : वि.वि.वि. ०७६/७७, वि.प्र.स. ४५३**

श्री विद्युत उत्पादन कम्पनी लिमिटेड
वि.पि.सी.भवन रुद्रमतीमार्ग, बुद्धनगर, काठमाण्डौ-१० ।

महाशय,

विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्र पाउन मिति २०७६/११/३० मा दिनु भएको दरखास्त अनुसार देहाएको विवरण खोली विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) र विद्युत नियमावली, २०५० को नियम ८ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. **विद्युत प्रसारणको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पुरा नाम र ठेगाना :**
श्री विद्युत उत्पादन कम्पनी लिमिटेड
वि.पि.सी.भवन रुद्रमतीमार्ग, बुद्धनगर, काठमाण्डौ-१०
पोष्ट बक्स नं.१९७५२
सम्पर्क नं. ४७८८६८०
इमेल: info@vucl.org
वेबसाईट: www.vucl.org

२. **प्रसारण गरिने विद्युत उपलब्ध गराउने परियोजना र स्थानको विवरण :**
किमाथांका अरुण जलविद्युत आयोजना, संखुवासभा ।

३. **विद्युत प्रसारण कहाँबाट कहाँ गर्ने हो सो को विवरण :**

प्रदेश नं. १ अन्तर्गत पर्ने संखुवासभा जिल्लाको भोटेखोला गाउँपालिकाको वडा नं. २ मा प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजनाको विद्युतगृह देखि ऐ.ऐ. जिल्लाको विभिन्न स्थान हुँदै मकालु गाउँपालिकाको वडा नं. ४ मा अवस्थित हाइटार सम्मको करिब १८.५ किलोमिटर लम्बाई भएको प्रसारण लाइन आयोजना ।

४. **सर्वेक्षण गर्ने क्षेत्र :**

(क) अञ्चल : कोशी अञ्चल (हालको प्रदेश नं. १)
(ख) जिल्ला : संखुवासभा
(ग) गाउँपालिका/नगरपालिका : भोटेखोला र मकालु गाउँपालिकाहरु ।

५. **विद्युत प्रसारणको भोल्टेज र परिमाणहरु :**
भोल्टेज : ४०० के.भी. (डबल सर्किट)
परिमाण : ४५० मेगावाट

६. **सर्वेक्षण प्रकृति :** सम्भाव्यता तथा वातावरणीय अध्ययन ।

७. **अनुमतिपत्र बहाल रहने अवधि :**
मिति : २०७७/०१/३० देखि २०७९/०१/२९ सम्म ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
२०५०

